नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

२४ वैशाख २०८३ | बुलेटिन संख्या #२१४४

| घटना संख्या | मृत्यु संख्या | बेपत्ता संख्या | घाइते संख्या | (ने.रू.) अनुमानित क्षति | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| २६ | १ | ० | २ | १३,६२,५०० | ० | ० |

## घटना सारांश:

| घटना | जिल्ला | घटना संख्या/विवरण | मृतक | बेपत्ता | घाईते | प्रतिकार्य |
|---|---|---|---|---|---|---|
| आगलागी | भोजपुर | रामप्रसादराई गा.पा.-२ कटुन्जे स्थित एक घरमा कोही नभएको बेला विद्युतको तार सर्ट भई आगलागी हुँदा सुनचाँदी, लत्ताकपडा, भाडाबर्तन, अन्नपात गरी ४ लाख ३० हजार रुपैयाँ बरावरको क्षति । | ० | ० | ० | अ.प्र.चौ.ओखेको टोली र स्थानीयको सहयोगमा आगो नियन्त्रण । |
| | सिरहा | भगवानपुर गा.पा.-१ स्थित एक परालको टालमा अचानक आगलागी हुँदा १५ हजार रुपैयाँ बराबरको पराल जलि नष्ट । | ० | ० | ० | नेपाल प्रहरी, स्थानीय र दमकलको सहयोगमा आगो नियनत्रण । |
| | सर्लाही | गौडैता न.पा.-४ मोदियाही टोल स्थित एक गोठमा घुर बाली राखिएको अवस्थामा अचानक आगलागी हुँदा गोठसहित एउटा भैंसी र एउटा गोरु जली घाइते भई १ लाख रुपैयाँ बराबरको क्षति । | ० | ० | ० | इ.प्र.का.गडहियाको टोली र स्थानीयको सहयोगमा आगो नियन्त्रण । |
| | रौतहट | कटहरिया न.पा.-१ कंकाली टोल स्थित एक घरमा आगलागी हुँदा ४० हजार रुपैयाँ बराबरको क्षति । | ० | ० | ० | - |
| | काभ्रे | बनेपा न.पा.-१३ सुन्दवस्ती स्थित एक घरमा ग्यास लिक भई आगलागी हुँदा लत्ताकपडा, भाडाबर्तन, फर्निचर जली २ लाख रुपैयाँ बराबरको क्षति, घरको छतमा फसेका ३ जनाको सकुशल उद्धार । | ० | ० | ० | प्र.चौ. साँगा, इ.प्र.का.बनेपा र जि.प्र.का.को टोली, दमकल, पानी ट्याङ्कर र स्थानीयको सहयोगमा आगो नियन्त्रण । |
| | कास्की | पोखरा म.न.पा.-१७ डेभिड फल्स स्थित Si store and Handcrafted Garment कपडा पसलमा आगलागी हुँदा कपडा र कष्मेटिक सामान जली नष्ट, क्षतिको विवरण आउन बाँकी । | ० | ० | ० | व.प्र.का.बैदामको टोली र दमकलको सहयोगमा आगो नियन्त्रण । |
| हावाहुरी | सिरहा | औरही गा.पा.-३ कडरवा स्थित हावाहुरीले एक घरको छानो उडाई, धान, चामल, गहुँ गरी ३५ हजार रुपैयाँ बराबरको क्षति । | ० | ० | ० | प्र.चौ. औरहीको टोली खटि गएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | धनुषा | सबैला न.पा.-६ गोबिन्दपुर स्थित एक घरको पर्खाल हावाहुरीले भत्काई नजिकैको एक घर र घर फ्रिज, सिलिङ पंखा समेत क्षति भई ४ लाख ४२ हजार ५ सय रुपैयाँ बराबरको क्षति । | ० | ० | ० | ई.प्र.का.सबैलाको टोली खटि गएको । |
| **चट्याङ** | इलाम | देउमाई न.पा.-४ डाँडा गाउँ स्थित एक घर र ग्वाली गोठमा चट्याङ पर्दा मिटर बक्स, वाईरिङ, तार, झ्यालको सिसा र पर्दा जलि ६० हजार रुपैयाँ बराबरको क्षति । | ० | ० | ० | इप्रका मंगलबारेको टोली खटि गएको । |
| **पहिरो** | सुनसरी | बराहक्षेत्र न.पा.-१ धनसारे खोला स्थितमा चतरा-बराहक्षेत्र भित्री सडक खण्डमा बर्षाको कारण अं.१०/१२ मिटर पहिरो तथा ढुङ्गाहरु झरी सडक अवरोध । | ० | ० | ० | अप्रपोष्ट चतरापुलको टोली खटि गएको । |
| | संखुवासभा | मकालु गा.पा.-३ नयाँ बस्ती स्थित कोशी राजमार्गमा बर्षाको कारण माथिबाट पहिरो खसि अ.१०/१५ मिटर सडक पुरी अवरोध | ० | ० | ० | अप्रबेश नयाँ बस्तीको टोली खटिई खुलाउने पहल भईरहेको । |
| | धनकुटा | साँगुरीगढी गापा-६ थुम्कि स्थित भेडेटार रबि राँके निर्माणाधिन भित्री सडक खण्डमा अबिरल वर्षाको कारण माथिबाट पहिरो खसि तत्काल बाटो अबरोध । | ० | ० | ० | इप्रका भेडेटारको टोली खटि गएको । |
| | उदयपुर | रौतामाई गा.पा.-५ हुरहुरे भिर स्थित सगरमाथा राजमार्गमा अबिरल बर्षाको कारण पहिरो खसी बाटो पूर्ण अवरोध। | ० | ० | ० | JCB को सहयोगमा बाटो खुलाउने कार्य भईरहेको । |
| | उदयपुर | त्रियुगा नपा-१५ अधेरी नजिक सगरमाथा राजमार्गमा अबिरल बर्षाको कारण पहिरो खसी बाटो पूर्ण रुपमा अवरोध । | ० | ० | ० | प्रचौ साउनेको टोली र सडक बिभाग मिली बाटो खुलाउने पहल भईरहेको । |
| | पाल्पा | रीब्दीकोट गा.पा.-३ मालमुल स्थित पाल्पा गुल्मी सडक खण्डमा अबिरल बर्षाको कारण माथिबाट ढुङ्गा सहितको पहिरो खसी बाटो पूर्ण रुपमा अबरोध । | ० | ० | ० | प्र.चौ. हार्थोकको टोली खटि सडक विभागसँग समन्वय गरी पहिरो हटाई बाटो सुचारु । |
| | सल्यान | कुमाख गा.पा.-२ कोइरालखोला स्थित सल्ली चौरजहारी सडक खण्डमा बर्षाको कारण माथिबाट लेदो सहितको पहिरो खस्न गई सडक अवरुद्ध । | ० | ० | ० | अ.प्रोष्ट नेटाको टोली खटी खुलाउने पहल भईरहेको । |
| | सल्यान | कपुरकोट गा.पा.-५ अरिङगाले फेदी स्थित राप्ती राजमार्गमा सडक डब्ल कटिङ गरीरहेको स्थानमा बर्षाको कारण माथिबाट पहिरो खस्न गई सडक अवरुद्ध । | ० | ० | ० | प्र.चौ. कपुरकोट र इ.प्र.का.लुहामको टोली खटी खुलाउने पहल भईरहेको । |
| | सल्यान | कुमाख गा.पा.-२ खारखोला स्थित सल्ली चौरजहारी सडक खण्डमा बर्षाको कारण माथिबाट पहिरो खस्न गई सडक अवरुद्ध। | ० | ० | ० | अ.प्रोष्ट नेटाको टोली खटी खुलाउने पहल भईरहेको । |


| | | | | | | |
|---|---|---|---|---|---|---|
| **बाढी** | इलाम | इलाम न.पा.-११ र माई न.पा.-९ बेलासे स्थित (मेची कोरिडोर) इलाम-बिर्तामोड भित्री सडक खण्डको डाइभर्सन माई खोलाको पानीको बहाव बढी बगाई सवारी आवत-जावत पूर्ण रुपमा बन्द । | ० | ० | ० | प्रचौ चिसापानीको टोली खटि खुलाउने पहल भइरहेको । |
| | सुर्खेत | सिम्ता गा.पा.-६ घोरेरी स्थित बार्दे र कालिका खहरे खोलामा वाढी आई गाउँ बस्तीको ३ वटा घर, ३ वटा गाईगोठ र १ वटा मन्दिरमा हिलो सहितको लेदो पसेको, थप विवरण आउन बाँकी । | ० | ० | ० | ईप्रका बादेपिपलको टोली खटि गएको । |
| | जाजरकोट | जुनीचाँदे गापा-३ गैरापराले स्थित बस्तीमा सडकको नालाको भल पानी पस्दा स्थानीय ३ जनाका गरी एक टहरा, गहुँ र कुखुराको साना चल्ला १५ वटा, फुलबारी महिला कृषक समूहको भवनको आँगनमा राखेको १ क्वाईल प्लाष्टिकको पाईप बगाई क्षति। | ० | ० | ० | - |
| **अबिरल वर्षा** | अछाम | साँफेबगर न.पा.-१२ स्थित खसडमा एक्कासी आएको असिना पानीले स्थानीय अं.४०/५० जना ब्यक्तीहरुको गहुँवाली क्षति । | ० | ० | ० | इलाका प्रहरी कार्यालय घुघूरकोटको टोली खटि गएको । |
| **लेक लाग्नु** | संखुवासभा | मकालु गा.पा.-२ स्थित मकालु हिमाल आरोहण गर्ने क्रममा ३८ वर्षिय Czech Republic देशको पुरुष नागरिकलाई लेक लागि मृत्यु । | १ | ० | ० | थप बुझ्ने कार्य भईरहेको । |
| **हिमपात** | मुस्ताङ | मनाङबाट थोरङ्ला पास गरि मुस्ताङ तर्फ पैदल आइरहेको अवस्थामा वारागुङ मुक्तिक्षेत्र गा.पा.-२ स्थित चिसापानी आईपुग्दा २९ र ३० वर्षिया दुईजना भारतीय महिला नागरीक हिमपातको कारण बाटो नचिनी अलपत्र अवस्थामा रहेको भनी निजहरुले जि.प्र.का.मुस्ताङ कन्ट्रोलमा जानकारी गराएको । | ० | ० | ० | सूचना पाउनासाथ इ.प्र.का.मुक्तिनाथ र इन्द्रबक्स गण जोमसोमको टोली खटि गई सकुशल फेला पारी उद्धार गरिएको । |
| **सर्पदंश** | पर्सा | पकहा मैनपुर गा.पा.-३ बस्ने ४० वर्षिया महिलालाई गहुँको भुष ओसार्ने क्रममा नाम नखुलेको बिषालु सर्पले टोकी घाईते । | ० | ० | १ | घाइतेलाई नारायणी अस्पताल बिरगंज लगि उपचार भईरहेको । |
| | कैलाली | घोडाघोडी नपा-२ बस्ने ५ वर्षिय बालक आफनै घर आँगनमा खेलीरहेको अवस्थामा खुट्टामा सर्पले टोकी घाइते । | ० | ० | १ | घाइतेलाई उपचारको लागि सेती प्रादेशिक अस्पताल धनगढी लगिएको । |
| **जम्मा संख्या** | | २६ | १ | ० | २ | |

❖ *नोट: वैशाख २३ गते विहान १०:०० बजे देखि २४ वैशाख विहान १०:०० बजेसम्म*

## दैनिक वर्षा (Daily Precipitation) को सारांशः


वैशाख २३ गते बिहान ०८:४५ बजे देखि वैशाख २४ गते बिहान ०८:४५ बजेसम्मको वर्षा

आज मिति २०८३/०१/२४ गते बिहान ०८:४५ बजे ४०० वटा वर्षा मापन केन्द्रहरु (मानव सञ्चालितः ११२ र स्वचालितः २८८) मा मापन गरिएको गत २४ घण्टाको वर्षाको विवरण अनुसार २५८ वटा केन्द्रमा वर्षा भएको छ। उक्त केन्द्रहरूमध्ये सबैभन्दा बढी वर्षा (६३.६ मि.मि.) उदयपुर जिल्लाको चुरे माईमा मापन भएको छ (नक्सा १)।





नक्सा १: वैशाख २३ गते बिहान ०८:४५ बजे देखि वैशाख २४ गते बिहान ०८:४५ बजे सम्मको २४ घण्टाको वर्षा (मि.मि.)

## दैनिक न्यूनतम तापक्रम (Daily Minimum Temperature) र अधिकतम तापक्रम (Daily Maximum Temperature) को सारांशः




नक्सा २: वैशाख २३ गते बिहान ०८:४५ बजे देखि वैशाख २४ गते बिहान ०८:४५ बजे सम्मको २४ घण्टाको न्यूनतम तापक्रम (डिग्री सेल्सियस)




नक्सा ३: वैशाख २२ गते साँझ ०५:४५ बजे देखि वैशाख २३ गते साँझ ०५:४५ बजे सम्मको २४ घण्टाको अधिकतम तापक्रम (डिग्री सेल्सियस)

तालिका १: २०८३/०१/२४ गते बिहान ०८:४५ बजे मापन गरिएको गत २४ घण्टाको न्यूनतम तापक्रम र २०८३/०१/२३ गते साँझ ०५:४५ बजे मापन गरिएको गत २४ घण्टाको अधिकतम तापक्रमको विवरण।

| तापक्रम (डि.से.) | न्यूनतम तापक्रम (केन्द्र संख्या) | अधिकतम तापक्रम (केन्द्र संख्या) |
|---|---|---|
| ० देखि ५ | १ | - |
| ५ देखि १० | ११ | - |
| १० देखि १५ | ३६ | १ |
| १५ देखि २० | ३४ | १४ |
| २० देखि २५ | १७ | २० |
| २५ देखि ३० | - | ३३ |
| ३० देखि ३५ | - | ३१ |
| जम्मा केन्द्र संख्या (वटा) | ९९ | ९९ |
| सबैभन्दा बढी केन्द्र, जिल्ला | २३.५ डि.से. / परवानीपुर, सर्लाही | ३४.० डि.से. / नेपालगञ्ज, बाँके |
| सबैभन्दा कम केन्द्र, जिल्ला | ३.५ डि.से. / सिमकोट, हुम्ला | १२.५ डि.से. / सिमकोट, हुम्ला |

नोटः
डि.से. = डिग्री सेल्सियस, मि.मि. = मिलिमिटर
डाटाबेसमा प्राप्त हुने तथ्याङ्कको आधारमा दैनिक रिपोर्टमा प्रयोग हुने केन्द्रको संख्या फरक पर्न सक्नेछ।

**विपद्का घटना सम्बन्धी सूचना र सन्देशका लागि** *www.twitter.com/ndrrma_Nepal* र *www.facebook.com/ndrrma/videos* र *www.youtube.com/NDRRMA* **मा जानुहोस्।**